# मिति २०८० साल पुष २१ गते बसेको २५ औं कार्यपालिका बैठकको निर्णय

प्रस्ताव नं. १ : हिउँदे नगर सभा बैठक सम्बन्धमा ।

निर्णय नं. १: प्रस्ताव नं. १ माथि छलफल गर्दा १४ औं नगर सभा बैठक आगामी २०८० साल माघ २० गते बस्ने निर्णय गरीयो ।

प्रस्ताव नं. २ : आयोजना तथा कार्यक्रम कार्यान्वयन सम्बन्धमा ।

निर्णय नं.२: प्रस्ताव नं.२ माथी छलफल गर्दा आगामी नगर सभावाट अनुमोदन तथा समर्थन हुने गरी क्षेत्रगत आयोजना तथा कार्यक्रमहरुको प्रगति समिक्षाको आधारमा तपशिल बमोजिम आयोजना तथा कार्यक्रमहरु संशोधन गर्ने र कार्यान्वयन गर्ने निर्णय गरियो ।

तपसिल :

| क्र. सं. | साविक आयोजना तथा कार्यक्रमको नाम | साविक विनियोजित रकम रु | क्र. सं. | संशोधित आयोजना तथा कार्यक्रमको नाम | आयोजना/ कार्यक्रम स्थल | विनियोजीत रकम रु. | श्रोत | कार्यान्वयन विधि |
|---|---|---|---|---|---|---|---|---|
| १. | कृषकहरुको क्षमता विकासका लागि मसला बालि प्रवर्धन तथा बिउ वितरण कार्यक्रम | १,००००० | १.१ | पोषण सम्बन्धी तालिम संचालन | टीकापुर-२ | ४०,००० | नेपल सरकार समानीकरण अनुदान | कार्यालय |
| | | | १.२ | विजयनगर सहरी स्वास्थ्य केन्द्रको ब्यवस्थापन कार्यक्रम | टीकापुर-२ | ६०, ००० | नेपल सरकार समानीकरण अनुदान | कार्यालय |
| २ | टीकापुर सामुदायिक पुस्तकालयको कार्यालय ब्यवस्थापान, फर्निचर तथा माटो पटानी कार्य | २,००,००० | २.१ | टीकापुर सामुदायिक पुस्तकालयको कार्यालय परिसरमा माटो पटानी कार्य | टीकापुर-१, ब्लक नं.१ | ६०,००० | राजश्व बांडफांड संघीय सरकार | ब्यवस्थापन समिति |
| | | | २.२ | टीकापुर सामुदायिक पुस्तकालयको कार्यालय ब्यवस्थापन | टीकापुर-१, ब्लक नं.१ | १,४०,००० | राजश्व बांडफांड संघीय सरकार | ब्यवस्थापन समिति |
| ३ | केदारेश्वोर आधारभूत विधालयको भौतिक संरचना निर्माण | ५,००,००० | ३ | केदारेश्वोर आधारभूत विधालयको भवन मर्मत कार्य | टीकापुर-3 | ५,००,००० | आन्तरिक श्रोत | बिद्यालय ब्यवस्थापन समिति |
| ४ | बौनिया र झुंगा गाउको मरुवा निर्माण/पायल गाउमा बैठकको लागि सामुहिक घर निर्माण | १,५०,०००/ १,५०,००० | ४ | झुंगा रानी कुला देखि सुर्यपुर जाने बाटो सम्म मसिनो गार्भेल कार्य | टीकापुर-९ | ३,००,००० | नेपल सरकार समानीकरण अनुदान | उपभोक्ता समिति |

टीकापुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
टीकापुर, कैलाली
…म प्रदेश, नेपाल

१ प्रमाणित

२०८०/०९/२९

प्रमुख प्रशासकीय अधिकृत

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| ५. | त्रिभुवन मा.बि.बसन्ताको साइकल स्ट्यान्ड ट्रस निर्माण | २,५०,००० | ५. | मनिकापुरको बैठक भवनको छानो मर्मत तथा निर्माण | टीकापुर-५ | २,५०,००० | नेपाल सरकार समानीकरण अनुदान | उपभोक्ता समिति | |
| ६ | सुरज धामीको घर देखि राम धामी को घर सम्म माटो पटानी सहित गार्भेल | १,००,००० | ६ | राज कुमार चौधरी को घर देखि विक्रम धामी को घर सम्म बाटो मा मसिनो ग्राभेल | टीकापुर–९ | १,००,००० | नेपाल सरकार समानीकरण अनुदान | उपभोक्ता समिति | |
| ७. | प्रसेनिमा ट्रस भवन निर्माण | ३,५०,००० | ७. | भर्तापुरमा ट्रस भवन निर्माण | टीकापुर–६ | ३,५०,००० | नेपाल सरकार समानीकरण अनुदान | उपभोक्ता समिति | |
| ८. | बिपत व्यवस्थापन संम्बन्धी तालिम तथा खाध्य र गैर खाध्य सामाग्री खरिद | ७१,८७९ | ८.१ | बिपत संम्बन्धी जनहितमा जारी सन्देश प्रकासन तथा प्रसारण | टीकापुर–६ | २०,००० | नेपाल सरकार समानीकरण अनुदान | कार्यालय | |
| | | | ८.२ | बिपत व्यवस्थापन संम्बन्धी तालिम तथा खाध्य र गैर खाध्य सामाग्री खरिद | टीकापुर–६ | ५१,८७९ | नेपाल सरकार समानीकरण अनुदान | कार्यालय | |
| | जम्मा रकम रु. | १८,७१,८७९ | | | | १८,७१,८७९ | | | |

प्रस्ताव नं. ३ : टीकापुर महोत्सव तथा व्यापार मेला सम्बन्धमा ।

निर्णय नं.३: प्रस्ताव नं. ३ माथि छलफल गर्दा टीकापुरको सामाजिक आर्थिक विकासको लागि टीकापुर उद्योग बाणिज्य संघलाई टीकापुर महोत्सव तथा व्यापारमेला सम्बन्धमा तपशिल बमोजिम महोत्सव खर्च रकम अनुदान दिने निर्णय गरियो।

तपसिल :

| क्र.स. | आयोजना तथा कार्यक्रमको नाम | बिनियोजन रकम रु. | श्रोत | कार्यान्वयन बिधि | कैफियत |
|---|---|---|---|---|---|
| १ | टीकापुर महोत्सव तथा व्यापार मेला | १०,००,००० | आन्तरिक श्रोत | टीकापुर उद्योग बाणिज्य संघ | |
| २. | टीकापुर महोत्सव तथा व्यापार मेला (थारु गाउँ) र थारु कल्याणकारिणी परिसरमा गेट निर्माण | २,००,००० | आन्तरिक श्रोत | टीकापुर उद्योग बाणिज्य संघ | |
| | जम्मा रकम रु | १२,००००० | | | |

टीकापुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
टीकापुर, कैलाली
सुदूरपश्चिम प्रदेश, नेपाल

प्रमाणित

२०८०/०८/२१

प्रमुख प्रशासकीय अधिकृत

प्रस्ताव नं. ४ : धार्मिक तथा सांस्कृतिक कार्यक्रम माघ लाहान २०८० सम्बन्धमा ।
निर्णय नं. ४: प्रस्ताव नं. ४ माथि छलफल गर्दा धार्मिक तथा सांस्कृतिक कार्यक्रम माघ लाहान कार्यक्रम २०८० वडा नं ५ स्थीत दौलतपुर घाट कर्णालेश्वोर महादेव मन्दिर परिसरमा तपसिल बमोजिम माघी लाहान तथा साँस्कृतिक कार्यक्रम २०८० का लागि रकम विनियोजन गर्ने निर्णय गरियो।

तपसिल :

| क्र.स | कार्यक्रमको/आयोजनाको नाम | आयोजना स्थल | विनियोजन रकम | श्रोत | कार्यान्वयन विधि | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | माघी लाहान तथा साँस्कृतिक कार्यक्रम वडा नं ५ | टीकापुर-५ | १,००,००० | संघीय सरकार राजश्व बांडफांड | माघी लाहान तथा साँस्कृतिक कार्यक्रम समिति | विभिन्न दिवस ,सभा,समारोह ,उत्सव र स्थानीय संस्कृति प्रदर्शन कार्यक्रम |
| | जम्मा रकम रु | | १,००,००० | | | |

प्रस्ताव नं. ५ : ३ नं वडा कार्यालयको प्रशासनिक भवन निर्माण स्थल सम्बन्धमा ।
निर्णय नं. ५: प्रस्ताव नं. ५ माथि छलफल गर्दा ३ नं वडा कार्यालयको प्रशासनिक भवन निर्माण गर्ने निर्माण स्थल छनौट गर्ने सम्बन्धमा २०८०/०८/२४ गतेको वडा समितिको निर्णय सिफारिस बमोजिम साविक टीकापुर गा.वि.स.वडा नं.८ "क" कित्ता नं. ३ को जग्गा मध्ये दक्षिण पश्चिम पट्टिको क्षेत्रफल ०-३-० (तिन कठ्ठा) जग्गा ३ नं वडा कार्यालयको प्रशासनिक भवन निर्माण स्थल छनौट गर्ने र कार्यान्वयन गर्ने निर्णय गरियो ।

प्रस्ताव नं.६ : नगरपालिकाका अति आवश्यक आयोजना तथा कार्यक्रम कार्यान्यवयन सम्वन्धमा ।
निर्णय नं.६ : प्रस्ताव नं.६ माथी छलफल गर्दा अति आवश्यक विभिन्न क्षेत्रगत तपसिल वमोजिम आयोजना तथा कार्यक्रमहरुको लागि रकम विनियोजन गर्ने र कार्यान्वयन गर्ने निर्णय गरियो ।

तपसिल

| क्र.सं. | आयोजना तथा कार्यक्रमको नाम | आयोजना स्थल | विनियोजीत रकम रु. | श्रोत | कार्यान्वयन विधि | कैफियत |
|---|---|---|---|---|---|---|
| १. | भानु चोक देखि गुम्वा जाने सडक तथा मुनुवा सडक खाद्य गोदाम जाने सडक मर्मत कार्य | टीकापुर-१ | १,००,००० | राजश्व बांडफांड संघीय सरकार | कार्यालय | मर्मत संभार कोष शिर्षक |
| २. | भानु चोक देखि गुम्वा जाने सडक तथा मुनुवा सडक खाद्य गोदाम जाने सडक मा सडक वत्ती जडान (बल्व जडान) कार्य | टीकापुर-१ | १,००,००० | राजश्व बांडफांड संघीय सरकार | कार्यालय | भैपरि आउने र आकस्मिक चालु तथा कार्यकम खर्च शिर्षक |
| ३. | ७ नं. वडा कार्यालय परिसरमा विपद व्यवस्थापन कार्यका लागि | टीकापुर-७ | ३,२५,००० | राजश्व बांडफांड | सोझै खरिद | विपद तथा प्रकोप |

टीकापुर नगरपालिका नगर कार्यपालिकाको कार्यालय टीकापुर, कैलाली सुदूरपश्चिम प्रदेश, नेपाल

३ प्रमाणित
२०८०/०९/२१
प्रमुख प्रशासकीय अधिकृत

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | राहत समाग्री तथा खाद्य भण्डारण कन्टेनरका लागि बेसमेन्ट फाउन्डेसन निर्माण कार्य । | | | प्रदेश सरकार | | व्यवस्थापन कोष शिर्षक |
| ४ | थारु कल्याणकारीनी भवन परिसरमा शौचालय निर्माण | टीकापुर-१ | ५,००,००० | राजश्व बाँडफाँड संघीय सरकार | सोझै खरिद | भैपरि आउने र आकस्मिक पुँजिगत तथा कार्यक्रम खर्च शिर्षक |
| जम्मा रकम रु. | | | १०,२५,००० | | | |

प्रस्ताव नं. ७ : स्थानीय विदा दिने सम्बन्धमा ।

निर्णय नं. ७: प्रस्ताव नं. ७ माथि छलफल गर्दा २०८० साल पौष २९ र माघ २ गतेका दिन नगर कार्यपालिकाको कार्यालय, वडा कार्यालय, स्वास्थ्य संस्था तथा शिक्षण संस्थाहरुमा माघी पर्वको अवसरमा २ दिन स्थानीय विदा रहने निर्णय गरियो।

प्रस्ताव नं. ८ : पशु चौपाया व्यवस्थापनमा जानकी गाउँपालिकाको साझेदारी सम्बन्धमा ।

निर्णय नं. ८: प्रस्ताव नं. ८ मा छलफल गर्दा टीकापुर २ र ५ स्थीत सामुदायिक पशु चौपायास्थलको भौतिक पूर्वाधार विकाश लगायत पशु चौपायाको व्यवस्थापन कार्यका लागि जानकी गाउपालिकासंग साझेदारी गर्ने र सो कार्यको लागि उक्त गाउपालिकासंग द्वीपक्षिय सम्झौता गर्ने निर्णय गरियो ।

प्रस्ताव नं. ९ : आर्थिक सहयता सम्बन्धमा ।

निर्णय नं.९ : प्रस्ताव नं.९ माथी छलफल गर्दा यस नगरपालिकाका निम्नानुसारका विभिन्न रोग वाट पिडित नागरिकलाई देहाय बमोजिम आर्थिक सहायता रकम अन्य सामाजिक सहायता खर्च शिर्षकबाट उपलब्ध गराउने निर्णय गरियो ।

तपसिल:-

| क.स. | विरामीको नाम,थर | ठेगाना | रोगको विवरण | रकम रु. | कैफियत |
|---|---|---|---|---|---|
| १ | शान्ति कुमारी वि.क. | टीकापुर-३ | मुटु सम्बन्धी रोग | ५०,००० | |

प्रस्ताव नं. १० : ठेक्का नं TMO/SQ/04/2080/081 को ठेक्का रद्द गर्ने सम्बन्धमा

निर्णय नं. १० : प्रस्ताव नं.१० माथि छलफल गर्दा मिति २०८० को १५/०४/(२१८४-०७९/) औं कार्यपालिका बैठकको निर्णयानुसार १ नं. वडा कार्यालयको प्रशासनिक भवन निर्माण गर्न वडा नं१., ब्लक नं. ए स्थित इन्डोर मार्केटको जग्गामा रहेको व्यापारिक भवन भत्काई निर्माण गर्ने भनिएता पनि उक्त जग्गाको क्षेत्रफल २ कठ्ठा ११ धुर वडा कार्यालय भवन निर्माण गर्न अपुग हुने, पार्किंग क्षेत्र थोरै हुने तथा यातायात सुचारुमा असर पर्ने अवस्था देखिएकोले सो स्थानमा भवन निर्माण गर्न केही समस्या देखिने भएका कारण उक्त भवन निर्माणका लागि यसी नगरपालिका वडा नं १.(साविक

टीकापुर नगरपालिका नगर कार्यपालिकाको कार्यालय टीकापुर, कैलाली सुदूरपश्चिम प्रदेश, नेपाल



प्रमाणित
२०८०/०९/२९
प्रमुख प्रशासकीय अधिकृत

टीकापुर/९-(छ)) भित्र टीकापुर नगर विकास समिति, टीकापुर, कैलालीको स्वामित्वमा रहेको प्लट नं. ०६ को ०४५९५.० वर्ग मिटर क्षेत्रफल भएको जग्गाको क्षेत्र भित्र निर्माण गर्नका लागि सहमति उपलब्ध गराई दिन नेपाल सरकार, शहरी विकास मन्त्रालय, सिंहदरबार काठमाण्डौं र टीकापुर नगर विकास समिति, टीकापुर, कैलालीलाई अनुरोध गर्ने" भनी भयको निर्णय, ठेक्का मान्य समयाअवधीलाई समेतलाई मध्ये नजर गरि मिति २०८०।०९।१२ गतेको मुल्याकंन समितिको सिफारिस बमोजिम यस कार्यालयबाट प्रकाशित सूचना ठेक्का नं TMO/SQ/04/2080/081" वडा नं . १, बल्क नं.ए स्थित रहेको पुरानो भवन (इन्डोर मार्केट) भत्काई बिक्री वितरण गर्ने कार्य" सम्बन्धी ठेक्का रद्द गर्न निर्णय गरियो ।

प्रस्ताव नं. ११ : कार्यक्रम संचालन गर्ने सम्बन्धमा ।

**निर्णय नं. ११: प्रस्ताव नं. ११ माथि छलफल गर्दा मेयर संग युवाखेलकुद कार्यक्रम शिर्षकमा विनियोजित बजेटबाट तपसिल बमोजिम कार्यक्रम संचालन गर्ने निर्णय गरियो ।**

तपसिल :

| **क्र.स** | **खेलकुद प्रतियोगीताको नाम** | **खेलकुद स्थल** | **विनियोजन रकम** | **श्रोत** | **कार्यन्यन विधि** | **कैफियत** |
|---|---|---|---|---|---|---|
| १ | ब्याडमिन्टन प्रशिक्षण र भेट्रान तथा खुल्ला ब्याडमिन्टन प्रतियोगिता | टिकापुर-१, सिटी हल | ३,००००० | संघिय राजश्व बाडफाड | टीकापुर ब्याडमिन्टन क्लब | |
| | जम्मा रकम रु | | ३,००००० | | | |

प्रस्ताव नं. १२ : केन्द्र विन्दु तोक्ने सम्बन्धमा ।

**निर्णय नं. १२: प्रस्ताव नं. १२ माथि छलफल गर्दा २४ औ कार्यपालिका बैठक को निर्णय नं ३५ मा भएको निर्णय( काल भैरवनाथ मन्दिर र पदमप्रकाशेश्वोर मन्दिर) विश्वोनाथ धामलाई केन्द्र विन्दु बनाईएकोमा कर्णालेश्वोर महादेव मन्दिर, काल भैरवनाथ मन्दिर र पदमप्रकाशेश्वोर मन्दिरलाई केन्द्र विन्दु बनाई कर्णाली विश्वनाथ धाम तोक्ने निर्णय गरियो ।**

टीकापुर नगरपालिका नगर कार्यपालिकाको कार्यालय टीकापुर, कैलाली सुदूरपश्चिम प्रदेश, नेपाल

प्रमाणित

२०८०।०९।२१

प्रमुख प्रशासकीय अधिकृत

प्रस्ताव नं. १३ : बडघर घर निर्माण स्थल तोक्ने सम्बन्धमा ।

निर्णय नं. १३:प्रस्ताव नं. १३ माथि छलफल गर्दा चालु आ.व. २०८०/०८१ को स्वीकृत कार्यक्रम अनुसार वडा नं. ३,४ र ६ मा बडघर घर निर्माण आयोजनाका लागि बजेट बिनियोजन भयकोमा उक्त भवन निर्माण स्थल एकिन गर्ने सम्बन्धमा संम्बन्धित वडा समितिको सिफारिसको आधारमा तपसिल बमोजिम बडघर घर निर्माण स्थल एकिन गर्ने र कार्यान्वयन गर्ने निर्णय गरियो ।

तपसिल :

| क्र.स. | आयोजनाको नाम | आयोजना स्थल | जग्गाको किसिम/स्वामित्व | कि.नं. | क्षेत्रफल | चार किल्लाको विवरण | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १. | बडघर घर निर्माण | टिकापुर-३ | सार्बजनिक | उल्लेख नभयको | ०-३-० | पुर्व : कि.नं.४६०, पश्चिम:कि.नं. ८१९, उत्तर:सडक र दक्षिण : कि.नं. ३८१ | साबिक मनिकापुर ६ रामचरण ड. थारुले उपभोग गरेको जग्गा सार्बजनिक |
| २. | बडघर घर निर्माण | टिकापुर-४ | सार्बजनिक | ३४५ | ०-३-१० | पुर्व : बाटो, पश्चिम:बाटो, उत्तर: बाटो र दक्षिण :: बाटो | |
| ३. | बडघर घर निर्माण | टिकापुर-६ | सार्बजनिक | ऐलानी प्रति जग्गा | ०-१-१० | पुर्व : कन्गला, पश्चिम:बिद्यालय उत्तर:झरन् र दक्षिण : बाटो | सार्बजनिक/ जनज्योति आधारभूत बिद्यालय |

प्रस्ताव नं. १४ : सामुदायिक भवन निर्माण स्थल तोक्ने सम्बन्धमा ।

निर्णय नं. १४:प्रस्ताव नं. १४ माथि छलफल गर्दा चालु आ.व. २०८०/०८१ को स्वीकृत कार्यक्रम अनुसार वडा नं. ४ मा सामुदायिक भवन निर्माण आयोजनाका लागि बजेट बिनियोजन भयकोमा उक्त भवन निर्माण स्थल एकिन गर्ने सम्बन्धमा संम्बन्धित वडा समितिको सिफारिसको आधारमा तपसिल बमोजिम सामुदायिक भवन निर्माण स्थल एकिन गर्ने र कार्यान्वयन गर्ने निर्णय गरियो ।

तपसिल :

| क्र.स. | आयोजनाको नाम | आयोजना स्थल | जग्गाको किसिम/स्वामित्व | कि.नं. | क्षेत्रफल | चार किल्लाको विवरण | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १. | सामुदायिक भवन निर्माण | टिकापुर-४ | सार्बजनिक | ४४५ | ०-१-० | पुर्व : कृष्ण बहादुर शाह, पश्चिम: कृष्ण बहादुर शाह, उत्तर:बाटो र दक्षिण : कृष्ण बहादुर शाह | |

टीकापुर नगरपालिका नगर कार्यपालिकाको कार्यालय टीकापुर, कैलाली सुदूरपश्चिम प्रदेश, नेपाल

६ प्रमाणित

२०८०/०५/२१

प्रमुख प्रशासकीय अधिकृत

प्रस्ताव नं. १५ : नेपाल आदिवासी जनजाती पत्रकार महासंघलाई आर्थिक सहयोग सम्बन्धमा ।

निर्णय नं. १५: प्रस्ताव नं.१५ माथि छलफल गर्दा नेपाल आदिवासी पत्रकार महासंघ (फोनिज) र लम्की जेसिसलाई देहाय बमोजिम आर्थिक सहयोग उपलब्ध गराउने निर्णय गरियो ।

तपसिल :

| क्र.स | संस्थाको नाम | ठेगाना | विनियोजन रकम | श्रोत | कार्यन्यन विधि | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | नेपाल आदिवासी जनजाती पत्रकार महासंघ | धनगढी | ७५,००० | आन्तरिक श्रोत | | |
| २. | लम्की जेसिस | लम्की | २५,००० | आन्तरिक श्रोत | | |
| | जम्मा रकम रु | | १,००,००० | | | |

प्रस्ताव नं. १६ : टीकापुर नगर शिक्षा ऐन,२०७६ पहिलो संसोधन सम्बन्धमा ।

निर्णय नं. १६: प्रस्ताव नं. १६ माथि छलफल गर्दा नगर शिक्षा ऐन, टीकापुर २०७६ मा भएको व्यवस्था अनुसार नगर सभा बाट भएको ठाउँमा कार्यपालिका गरेर संसोधन गर्ने निर्णय नगर सभामा पेश गर्ने निर्णय गरियो।

| क्र.स. | दफा/उपदफा र खण्ड | ऐनमा रहेको साबिक व्यवस्था | संशोधन गर्न प्रस्ताव गरिएको व्यवस्था | संशोधन गर्नु पर्नाको कारण |
|---|---|---|---|---|
| १ | दफा १ को उपदफा (१) संचिप्त नाम र प्रारम्भ | नगर शिक्षा ऐन टीकापुर, २०७६ यस ऐनको नाम "नगर शिक्षा ऐन टीकापुर, २०७६" रहेको छ | टीकापुर नगर शिक्षा ऐन, २०७६ | प्रचलित कानून बमोजिम नाम दिनु पर्ने भएको ले |
| २ | दफा -४५ विद्यालय शिक्षा सेवाको गठन, तह, श्रेणी बिभाजन र दरबन्दी तथा दरबन्दी मिलान सम्बन्धी व्यवस्था | शिक्षा सेवाको गठन, तह, श्रेणी बिभाजन र दरबन्दी तथा दरबन्दी मिलान सम्बन्धमा संघ तथा प्रदेशको कानुन वा ऐन संग तादात्म्य हुने गरी कार्यपालिकाले कार्यविधि बनाई नगरसभा बाट स्वीकृत गराउनु पर्नेछ | शिक्षा सेवाको गठन, तह, श्रेणी बिभाजन र दरबन्दी तथा दरबन्दी मिलान सम्बन्धमा संघ तथा प्रदेशको कानुन वा ऐन संग तादात्म्य हुने गरी कार्यविधि बनाई कार्यपालिका बाट स्वीकृत गराउनु पर्नेछ | टीकापुर नगरपालिकाको नगर शिक्षा ऐन, २०७६ मा भएको कानुनी प्रावधान अनुसार कार्यविधि कार्यपालिकाबाट स्वीकृत हुने भएकोले संशोधन गरिएको |

टीकापुर नगरपालिका नगर कार्यपालिकाको कार्यालय टीकापुर, कैलाली सुदूरपश्चिम प्रदेश, नेपाल



प्रमाणित

२०७७।०४।२९

प्रमुख प्रशासकीय अधिकृत

प्रस्ताव नं. १७: महिला स्वास्थ्य स्वयं सेविकालाई यातायात खर्च उपलब्ध गराउने सम्बन्धमा ।

निर्णय नं. १७. प्रस्ताब नं. १७ माथि छलफल गर्दा महिला स्वास्थ्य स्वयं सेविकाको हाल उपलब्ध गराईएको रु.५०० यातायात खर्चमा मासिक रु.५०० का दरले थपबृदि गर्ने र नगर सभामा पेश निर्णय गरियो ।

प्रस्ताव नं. १८ : दैनिक ज्यालादारीमा कर्मचारी व्यवस्थापन (सहायक कम्प्युटर अपरेटर) तथा तलब भत्ता सम्बन्धमा ।

निर्णय नं. १८ : प्रस्ताव नं. १८ माथि छलफल गर्दा नगरपालिका कार्यालय र वडा कार्यालयको सेवा प्रवाहलाई अझ प्रभावकारी बनाउन कार्यबोझ, कार्यचाप र आवश्यकता अनुसार २०८० साल माघ देखि लागू हुने गरी तपसिल बमोजीमका कर्मचारीलाई दैनिक ज्यालादारीमा कामकाजमा लगाउने र न्युनतम नगर दररेटमा उल्लेख भएको ज्याला तथा पारिश्रमिक आन्तरिक श्रोतबाट उपलब्ध गराउने निर्णय गरियो ।

तपसिल :

| क्र.स. | नाम,थर र नागरिकता नं, जारी मिति र जिल्ला | स्थायी ठेगाना | सेवा को किसिम | पद | तह/ श्रेणी | जिम्मेवारी | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १. | सोहन चौधरी ,ना.प्र.नं. ६७२०४०/२४८४,२०६४/०७/१६ ,जिल्ला प्रशासन कार्यालय ,कैलाली | टीकापुर -२ | दैनिक ज्यालादारी | सहायक कम्प्युटर अपरेटर | सहायक स्तर चौथो | २ नं. वडा कार्यालय | |
| २. | रवि चौधरी ,,ना.प्र.नं. ६७२०४०/५८८००२०७२/०९/१६, जिल्ला प्रशासन कार्यालय ,कैलाली | टीकापुर -७ | दैनिक ज्यालादारी | सहायक कम्प्युटर अपरेटर | सहायक स्तर चौथो | ५ नं. वडा कार्यालय | |
| ३. | विनोद चौधरी ,ना.प्र.नं. ६७-०२-७४-०२१४६,२०७४/०४/०७,जिल्ला प्रशासन कार्यालय ,कैलाली | टीकापुर-६ | दैनिक ज्यालादारी | सहायक कम्प्युटर अपरेटर | सहायक स्तर चौथो | ६ नं. वडा कार्यालय | |
| ४. | भिम बहादुर चौधरी ,ना.प्र.नं. ६७-०२-७४-०३७८३,२०७४/०४/२९ ,जिल्ला प्रशासन कार्यालय ,कैलाली | टीकापुर-१ | दैनिक ज्यालादारी | सहायक कम्प्युटर अपरेटर | सहायक स्तर चौथो | आर्थिक प्रशासन तथा राजश्व शाखा | |
| ५. | गरिमा चौधरी ,ना.प्र.नं. ६७-०२-७८-०५८९३ , २०७८/०७/२९, जिल्ला प्रशासन कार्यालय ,कैलाली | टीकापुर-५ | दैनिक ज्यालादारी | सहायक कम्प्युटर अपरेटर | सहायक स्तर चौथो | पूर्वाधार विकास तथा वातावरण व्यवस्थापन शाखा | |
| ६. | पदम प्रसाद सापकोटा ना.प्र.प.नं.९९१७,२०५९/०६/०१, जिल्ला प्रशासन कार्यालय, बर्दिया | टीकापुर -१ | सम्झौता अनुसार | सचिवालय सहयोगी | सहायक स्तर पाँचौं | नगर प्रमुखको सचिवालय | |
| ७. | सुमित बुढा, ना.प्र.नं. ६७-०२-७९-०७१५६ , २०७९/०९/२६, जिल्ला प्रशासन कार्यालय ,कैलाली | टीकापुर -१ | दैनिक ज्यालादारी | असिप्टेण्ट सब-ईन्जिनियर | सहायक स्तर चौथो | पूर्वाधार विकास तथा वातावरण व्यवस्थापन शाखा | |

टीकापुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
टीकापुर, कैलाली
सुदूरपश्चिम प्रदेश, नेपाल

प्रमाणित

प्रमुख प्रशासकीय अधिकृत

प्रस्ताव नं.१९ : स्वास्थ्य सेवा सन्चालन गर्न इजाजत पत्र दिने सम्बन्धमा।

निर्णय नं.१९ : प्रस्ताव नं.१९ माथि छलफल गर्दा नगरपालिका क्षेत्र भित्र स्वास्थ्य संस्था स्थापना, सेवा विस्तार वा स्तरोन्नती गर्ने प्रयोजनार्थ विभिन्न मितिमा नगरपालिकाको स्वास्थ्य तथा सरसफाई नियमावली, २०७८ को नियम ३७ मा रहेको प्रावधान बमोजिम नगरपालिकाबाट स्वास्थ्य सेवा सन्चालन गर्न इजाजतपत्र लिनुपर्ने स्वास्थ्य संस्थाहरुको तर्फबाट इजाजतपत्र माग गरी निवेदन पेश भएकोमा अनुगमन समितिको मिति २०८०/०८/२१ गतेको बसेको बैठकको सिफारिस तथा निर्णय अनुसार तपसिलका फर्महरुलाई ईजाजत पत्र दिने निर्णय गरियो।

तपसिल :

| क्र.सं. | क्लिनिक /पोली क्लिनिक र अन्य सेवाको नाम | ठेगाना | सेवाको किसिम | कैफियत |
|---|---|---|---|---|
| १ | गणेश हेल्थ क्लिनिक | टीकापुर-१ | क्लिनिक | |
| २ | रबिना मेडिकल स्टोर | टीकापुर-७ | क्लिनिक | |
| ३ | शैलेश्वरी ल्याब सेवा | टीकापुर-१ | प्रयोगशाला | |
| ४ | हमाल औषधि पसल | टीकापुर-१ | फार्मेसी | |
| ५ | अरुण मेडिकल स्टोर | टीकापुर-१ | फार्मेसी | |

प्रस्ताव नं. २०:क्षयरोगमुक्त पालिका घोषणा कार्यक्रम का लागि कर्मचारी भर्ना सम्बन्धमा ।

निर्णय नं. २० : प्रस्ताव नं. २० माथि छलफल गर्दा क्षयरोगमुक्त पालिका घोषणा कार्यक्रम का लागि क्षयरोग कार्यकम अधिकृत नियुक्ति गर्न अन्तरबार्ता देखिको प्रक्रिया अगाडी बढाउने निर्णय गरियो।

प्रस्ताव नं. २१ : सुरक्षित गर्भपतन सेवाका लागि संस्था सुचिकृत गर्ने सम्बन्धमा ।

निर्णय नं. २१ : प्रस्ताव नं. २१ माथि छलफल गर्दा सुरक्षित गर्भपतन सेवाका लागि संस्था सुचिकृत गर्न योग्यता पुगेका तपसिलका स्वास्थ्य संस्थाहरुको निवेदन पेश भई अनुगमन समितिबाट सिफारिस भइ आएको देहायका स्वास्थ्य संस्थाहरुलाई सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्य अधिकार सम्बन्धी कार्यविधि २०७८ को दफा १२ अनुसार संस्था सुचिकृत स्वीकृत दिने निर्णय गरियो।

तपसिल :

नारायणपुर स्वास्थ्य चौकी

अस्नेहरी शहरी स्वास्थ्य केन्द्र

ओमकृष्ण अस्पताल प्रा.लि.

टीकापुर नगरपालिका नगर कार्यपालिकाको कार्यालय टीकापुर, कैलाली सुदूरपश्चिम प्रदेश, नेपाल

प्रमाणित

२०८०।०९।२१

प्रमुख प्रशासकीय अधिकृत

प्रस्ताव नं. २२ : स्वास्थ्य सेवाका कर्मचारीको दर्जानुसारको सेवा सुविधा सम्बन्धमा ।

निर्णय नं. २२ : प्रस्ताव नं २२ माथि छलफल गर्दा टीकापुर नगरपालिका अन्तर्गत विभिन्न स्वास्थ्य संस्थामा कार्यरत चौथो तहका प्राविधिक कर्मचारीहरुको तलबमान असमान भएकोले दर्जा अनुसारको तलब तथा सेवा सुविधामा एकरुपता कायम गर्ने र नगर सभामा पेश गर्ने निर्णय गरियो ।

प्रस्ताव नं. २३ : बालमैत्री नगरपालिका सम्बन्धमा ।

निर्णय नं. २३ : प्रस्ताव नं. २३ माथि छलफल गर्दा टीकापुर नगरपालिकालाई बालमैत्री नगर बनाउनको निम्ति पालिकास्तरीय बालमैत्री स्थानीय सासन अबलम्बन समिति (CFLG Committee) गठन गर्ने निर्णय गरियो ।

प्रस्ताव नं. २४ : बालमैत्री स्थानीय शासन सम्वन्धमा ।

निर्णय नं. २४ : प्रस्ताव नं. २४ माथि छलफल गर्दा बालमैत्री स्थानीय शासन अबलम्बन सम्बन्धी कार्यक्रम संचालन गर्नको निम्ति वल्ड भिजन इन्टरनेशनल र बालकल्याण संघ संगआवस्यक समन्वय गरि अगाडी बढाउने निर्णय गरियो ।

टीकापुर नगरपालिका नगर कार्यपालिकाको कार्यालय टीकापुर, कैलाली सुदूरपश्चिम प्रदेश, नेपाल

प्रमाणित

२०८०।०५।२९

प्रमुख प्रशासकीय अधिकृत